# जनकपुरधाम उप-महानगरपालिकाको

## १५ औँ नगरसभा

## आर्थिक वर्ष २०८३/०८४

# बजेट वक्तव्य

जनकपुरधाम उप-महानगरपालिका

जनकपुरधाम, धनुषा

मधेश प्रदेश, नेपाल

आदरणीय नगरसभा अध्यक्षज्यू,

नगरसभा सदस्यज्यूहरु,

(१) नेपालको संविधानको धारा २३० बमोजिम आर्थिक वर्ष २०८३/०८४ को राजश्व र व्ययको अनुमान यस सम्मानित सभामा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

(२) प्रस्तुत सन्दर्भमा आदरणीय नगरप्रमुखज्यूबाट २०८३/०८४ को लागि पेश भएको वार्षिक नीति तथा कार्यक्रमलाई आधार मानी आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु।

आदरणीय नगरसभा अध्यक्षज्यू,

अब म चालु आर्थिक वर्षको आर्थिक गतिविधि, बजेटको समिक्षा प्रस्तुत गर्न अनुमति चाहन्छु

(३) चालु आ.ब. ८२/८३ को प्रगति सन्तोषजनक छ। यस आ.व. मा विनियोजन भएको कूल बजेट रु. २ अर्ब ४७ करोड ३२ लाख १६ हजार ८९४ मध्ये चालू तर्फ १ अर्ब ०५ करोड ७० लाख ७७ हजार ८७८।३५ र पूँजीगत तर्फ ३९ करोड ९७ लाख ३४ हजार ५२०।६० रुपैया खर्च भई कूल रू १ अर्ब ४५ करोड ६८लाख १२ हजार ३९८।९५ खर्च भएको छ। केही आयोजना तथा कार्यक्रमहरुको सिर्जित दायित्व भुक्तानी हुन बाँकी रहेकको छ। यसरी हेर्दा आर्थिक अनुशासन कायम गर्दै गत आ.व.कै हाराहरीमा वित्तीय प्रगति हासिल भएको छ।

आदरणीय नगरसभा अध्यक्ष्यज्यू,

(४) नगरको समग्र विकास र नगरवासीको हितलाई ध्यानमा राखी अगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटको उद्देश्य र प्राथमिकताहरु तय गरिएको छ। सर्वप्रथम म उक्त प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु

आगामी बजेटका मुख्य प्राथमिकताहरु देहाय बमोजिम रहेका छन्:-

(क) नगरको भौतिक पूर्वाधारको विकास ।

(ख) सरसफाई र स्वच्छ वातावरण

(ग) स्वास्थ्य, शिक्षा, सामाजिक विकास र समावेशीकरण

(घ) पर्यटन र रोजगारी सिर्जना

(ङ) सुशासन र संस्थागत सबवलीकरण

आदरणीय नगरसभा अध्यक्षज्यू र नगरसभा सदस्यज्यूहरु

(५) नगरसभाबाट आ.व. २०८२/८३ को लागि निर्धारित बजेटसीमाको अनुपातमा वडा तथा बस्ती स्तरीय आयोजना तथा कार्यक्रमहरु तय गरी पठाउन वडा कार्यालहरुलाई अनुरोध गरिएकोमा सोही अनुसार प्राप्त भएको छ। प्रत्येक वडालाई सम्भव भएसम्म ठूला आयोजनाहरु प्रस्ताव गर्न अनुरोध गरिएको छ र सोही अनुसार बजेट विनियोजनको प्रस्ताव गरिएको छ।

(६) विकेन्द्रीकरण र संघीय शासन प्रणालीको कार्यान्वयनमा नगरपालिकाले विशेष जोड दिएको छ। आर्थिक वर्ष २०८३/८४ देखि वडास्तरीय कार्यक्रमहरु र वडाको प्रशासनिक कार्य वडाबाटै सञ्चालन हुन सक्नेगरी प्रशासनिक व्यवस्था मिलाइने छ। वडामा तोकिएको दरबन्दी अनुसार कर्मचारीको पूर्ति गरी वडाबाटै आर्थिक कारोबार सञ्चालन गर्ने व्यवस्थाले वडा कार्यालयहरुलाई कार्य स्वायत्तता र समयमै काम सम्पन्न गर्न प्रेरित गर्नेछ भने नगरपालिकाले नीतिगत कार्यहरुमा बढी ध्यान दिन पाउनेछ । यसबाट नगरको विकासमा थप टेवा पुग्ने अपेक्षा लिइएको छ।

आदरणीय नगरसभा अध्यक्षज्यू र नगरसभा सदस्यज्यूहरु,

(७) आ.व. २०८३/८४ को लागि जम्मा २ अर्व ६५ करोड २० लाख ३२ हजार बजेट प्रस्ताव गरिएको छ। उक्त बजेट मध्ये आन्तरिक स्रोत तर्फ करिब २० करोड, नेपाल सरकारबाट प्राप्त हुने समानीकरण अनुदान तर्फ ३० करोड ५९ लाख, प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान करिब २ करोड लगयात नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व वाँडफाँट र सशर्ततर्फका आयोजनाहरुको रकम तथा चालू आ.व. मा बचत हुने रकमबाट उक्त खर्च व्यहोरिनेछ।

(८) उपमहानगरपालिकाको विगतको लामो प्रयास स्वरुप यस आ.व.मा यशियाली विकास बैंकबाट संचालन हुने शहरी उत्थानशीलता परियोजनाको ठेक्का प्रक्रियामा अगाडि बढेको छ । यसको लागि यशियाली विकास बैंकबाट प्राप्त हुने स्रोतको साथै नगरविकास कोषबाट प्राप्त हुने ऋण सहयोगमा नगरपालिकाको तर्फबाट समेत शीर्षकगत रुपमा समायोजित कोष (Counterpart Fund) को व्यवस्था गर्नुपर्ने छ। आन्तरिक स्रोतबाट प्राप्त हुने रकमबाटै त्यस्तो रकमको व्यवस्था गर्नुपर्ने भएकोले स्रोतमा केही चाप पर्न जाने देखिएको छ। शहरी उत्थानशीलता सम्बन्धी यो आयोजना सम्पन्न हुँदा नगरका सडक र नाला एवम् सामाजिक सांस्कृतिक

सम्पदाहरु संरक्षण र स्तरोन्नति भई नगरको विकासमा कोशेढुङ्गा हुने अपेक्षा गरिएको छ। यसले नगरपालिकाको गौरब बढाउने छ।

आदरणीय नगरसभा अध्यक्षज्यू र नगरसभा सदस्यज्यूहरु,

चालू तथा पूँजीगत खर्चका कार्यक्रमरु समावेश भएको विनियोजन विधेयक, करका दर र दायरा समावेश भएको आर्थिक विधेयक यसै बजेट वक्तव्यको अंगको रुपमा पेश गरेको छु।

उल्लेखित राजस्व र व्ययको खर्चको प्रभावकारी परिचालनबाट नगरविकासमा टेवा पुग्ने अपेक्षा गरेको छु। यसका लागि सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, राजनीतिक दलहरु र यसका नेतृत्ववर्ग, कर्मचारीहरु, नीजि क्षेत्र, नागरिक समाज, संचारकर्मीज्यूहरु र आमजनसमुदायमा हार्दिक अनुरोध गर्दछु ।